

गङ्गाजमुना राजपत्र

गङ्गाजमुना गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०) धादिङ, भदौ २ गते, २०८३ साल (संख्याः २

भाग-२

फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

गङ्गाजमुना गाउँपालिकाको

सूचना

गङ्गाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको कार्यविधि नं. २

गङ्गाजमुना सन्तान प्रोत्साहन तथा पोषण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावना

गाउँपालिका क्षेत्रभित्र घट्दो जन्मदरलाई सम्बोधन गर्दै सन्तुलित जनसाङ्ख्यिक ढाँचा कायम राख्न, नवजात शिशु तथा मातृ स्वास्थ्यमा सुधार ल्याउन, शतप्रतिशत जन्मदर्ता तथा पूर्ण खोप सेवा सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाभित्र स्थायी रूपमा बसोबास गर्ने योग्य परिवारलाई सन्तान प्रोत्साहन तथा पोषण सहयोग उपलब्ध गराउन आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ र १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम **"गङ्गाजमुना सन्तान प्रोत्साहन तथा पोषण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८३"** हुनेछ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः यस कार्यविधिमा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

१. गाउँपालिका भन्नाले गङ्गाजमुना गाउँपालिकालाई जनाउँछ।

२. स्वास्थ्य शाखा भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखालाई जनाउँछ।

३. स्वास्थ्य संस्था भन्नाले नेपाल सरकार गाउँपालिकाबाट मान्यता प्राप्त स्वास्थ्य संस्थालाई जनाउँछ।

४. लाभग्राही भन्नाले यस कार्यविधिबमोजिम छनोट भएकी आमा वा आमाको मृत्यु भएको अवस्थामा शिशुको कानूनी संरणकलाई जनाउँछ।

५. प्रोत्साहन रकम भन्नाले प्रति महिना रु. १,००० लाई जनाउँछ।

६. जीवित सन्तान भन्नाले जन्मपश्चात जीवित रहेको शिशुलाई जनाउँछ।

७. जन्मदर्ता प्रमाणपत्र भन्नाले सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी गरिएको जन्मदर्ता प्रमाणपत्रलाई जनाउँछ।

८. कार्यपालिका भन्नाले गङ्गाजमुना गाउँ कार्यपालिकालाई जनाउँछ।

परिच्छेद -२

उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ।

१. गाउँपालिका क्षेत्रभित्र घट्दो जन्मदरलाई रोक्दै जनसाङ्ख्यिक सन्तुलन, स्थायित्व र जनसाङ्ख्यिक लाभांश कायम राख्न प्रोत्साहन गर्ने।

२. तेस्रो वा सो भन्दा बढी जन्मक्रमका रुपमा जन्म लिएका नवजात शिशु तथा बालबालिकाको पोषण तथा स्वास्थ्य प्रवर्द्धन गर्नका लागि प्रोत्साहन बापतको आवश्यक सहयोग उपलब्ध गराउने

३. नवजात शिशु तथा बालबालिकाको उचित पोषण र स्वास्थ्य अवस्थालाई प्रवर्द्धन गर्ने।

४. शतप्रतिशत संस्थागत प्रसूति, नियमित खोप, र समयमै जन्मदर्ता गराउने बानीको विकास गर्ने।

परिच्छेद -३

लाभग्राही छनोट तथा योग्यता

४. लाभग्राही हुन आवश्यक योग्यता

१. वि.सं. २०८३ साल साउन १ गतेदेखि दुई सन्तानपछि तेस्रो वा सो भन्दा बढी जन्मक्रमका रुपमा जन्म दिइएका जीवित नवजात शिशु तथा बालबालिकाको आमा वा आमा नभएमा अन्य लाभग्राही र गङ्गाजमुना गाउँपालिकामा स्थायी बसोबास गर्ने आमा वा आमा नभएमा अन्य लाभग्राही हरू यस कार्यक्रमका लागि योग्य हुनेछन्।

२. लाभग्राही आमा वा आमा नभएमा अन्य लाभग्राही ले नवजात शिशुको जन्मदर्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

३. नवजात शिशुले राष्ट्रिय खोप कार्यक्रमअनुसार खोप लिन सुरु गरेको हुनुपर्ने।

४. तेस्रो जन्मक्रमका रुपमा जन्मेका सन्तानभन्दा अगाडि जन्मिएको कुनै सन्तान मृतजन्म (Still Birth) भएको वा जन्मपश्चात केही दिनमै मृत्यु भएको अवस्थामा, त्यसपछिको जीवित जन्मिएको सन्तानलाई तेस्रो जन्मक्रमका सन्तानका रूपमा मान्यता दिइनेछ।

५. जुम्ल्याहा वा सोभन्दा बढी शिशु एकैपटक जन्मिएको अवस्थामा प्रत्येक जीवित शिशुलाई छुट्टाछुट्टै

सन्तानका रूपमा गणना गरी यस कार्यविधिबमोजिम प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

परिच्छेद -४

आवेदन, छनोट तथा स्वीकृति

५. आवेदन प्रक्रियाः योग्य आमाले शिशु जन्मेपछि सम्बन्धित वडा कार्यालय आवेदन दिनुपर्नेछ।

६. छनोट तथा स्वीकृति

१. वडा कार्यालयले स्थायी बसोबास तथा अन्य विवरण प्रमाणित गर्नेछ।

२. गाउँ कार्यपालिकाको कार्यालयमा उक्त प्रोत्साहन रकम उपलब्ध गराउनका लागि पेश गरिएको निवेदन अनुसार स्वास्थ्य शाखाले अन्तिम लाभग्राही सूची तयार गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नेछ।

३. प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति पश्चात लाभग्राही दर्ता गरिनेछ।

परिच्छेद -५

प्रोत्साहन रकम सम्बन्धी व्यवस्था

७. प्रोत्साहन रकम

१. तेस्रो वा सो भन्दा बढी जन्मक्रमका रुपमा जीवित सन्तान जन्माएपछि मात्र प्रोत्साहन रकम उपलब्ध हुनेछ।

२. शिशु जन्मेको अर्को महिनादेखि प्रति महिना रु. १,००० का दरले त्रैमासिक रुपमा रकम उपलब्ध गराइनेछ।

३. प्रत्येक योग्य सन्तानका लागि अधिकतम ३६ महिनासम्म प्रोत्साहन रकम उपलब्ध हुनेछ।

४. एक योग्य सन्तानका लागि अधिकतम रु. ३६,००० उपलब्ध गराइनेछ।

५. रकम लाभग्राही आमा वा आमा नभएमा अन्य लाभग्राहीको बैंक खातामा मात्र जम्मा गरिनेछ।

परिच्छेद -६
विविध

८. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनबमोजिम हुनेछन्।

९. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१०. संशोधन

गाउँ कार्यपालिकाले आवश्यकतानुसार यस कार्यविधिमा संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ।

अनुसूची-१

(दफा ६ उपदफा १ सँग सम्बन्धित)

वडा कार्यालयको सिफारिस

श्री
गङ्गाजमुना गाउँपालिका

यस वडा कार्यालयमा पेश भएका कागजात तथा स्थानीय अभिलेखका आधारमा जन्मदर्ता नं..... भएका शिशु/ बालक/बालिका .....का आमा वा आमा नभएमा अन्य लाभग्राही ..... गङ्गाजमुना गाउँपालिका वडा नं. ..... की / का स्थायी बासिन्दा रहेको तथा कार्यविधिमा उल्लेखित मापदण्ड पूरा गरेको प्रमाणित भएकाले निजलाई मासिक प्रोत्साहन रकम उपलब्ध गराइदिन सिफारिस गरिन्छ।

वडा अध्यक्ष

नाम : .....

हस्ताक्षर : .....

कार्यालयको छाप

मिति : .....

अनुसूची -२

(दफा ६ उपदफा २ सँग सम्बन्धित)

लाभग्राही निवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गङ्गाजमुना गाउँपालिका, धादिङ।

विषयः प्रोत्साहन रकम उपलब्ध गराइदिन सम्बन्धमा

प्रस्तुत विषयमा म, श्रीमती वा आमा नभएमा अन्य लाभग्राही ....., गङ्गाजमुना गाउँपालिका वडा नं. ..... की/को स्थायी बासिन्दा, यस कार्यविधिबमोजिम तोकिएका सम्पूर्ण मापदण्डहरू पूरा गरेको हुँदा तेस्रो तथा सोभन्दा बढी जन्मक्रमका रुपमा जन्मेका जीवित नवजात शिशुका लागि तथा बालबालिकाका/ जीवित सन्तान जन्माउने आमा आमा नभएमा अन्य लाभग्राहीलाई प्रदान गरिने मासिक प्रोत्साहन रकम उपलब्ध गराइदिन आवश्यक कागजातसहित यो निवेदन पेश गर्दछु।

.....

आज्ञाले,
सुदिप ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत